# लालझाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शंकरपुर, कञ्चनपुर

पत्र संख्या:-०७९/८०
चलानी नं.-

सुदुरपश्चिम प्रदेश, नेपाल

(सूचना प्रकाशित मिति :२०७९।०९।०७)

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको लागि तपसिलको पदमाहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा *Website: laljhadimun.gov.np* बाट उपलब्ध हुने छ ।

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३-२०७९।८० | कृषि स्नातक | १ | लालझाडी गाउँपालिका | |
| २ | ०४-२०७९।८० | पशु चिकित्सक | १ | लालझाडी गाउँपालिका | |

**आवश्यक न्यूनतम योग्यता विवरण:**

१. **न्यूनतम शैक्षिक योग्यता:**

- नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
- नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा पशु चिकित्सा विषयमा B.VSc.& A.H./B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण र नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ ।
- परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

**२.प्राथमिकता:** सम्बन्धित पालिकाको बासिन्दालाई प्राथमिकता दिइनेछ । सम्बन्धित पालिकामा उपयुक्त आवेदक नभएको खण्डमा नजिक पालिकाको हुनुपर्ने ।

**३. छनौट प्रक्रिया** : लिखित तथा मौखिक अन्तर्वार्ता (छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र लिखित परिक्षामा समावेश गरिनेछ ।)

४. **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात:** शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

५. दरखास्त दस्तुर :( रु.१२००)

६. **दरखास्त दिने स्थान: लालझाडी गाउँपालिकाको कार्यालय, शंकरपुर कञ्चनपुर**

नोट : दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा अर्को दिन कार्यालय समय भित्र आवेदन दिन सकिने छ ।

............................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत